नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

☎ ०९१-५२११०१ 📠 ०९१-५२२४४६
dao.kailali@gmail.com
verify.daokailali@gmail.com
daokailali.moha.gov.np
facebook.com/daokailali/
PH3R+63 Dhangadhi
धनगढी, कैलाली

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनगढी, कैलाली

## जिल्ला प्रशासन कार्यालय, कैलालीका प्रमुख जिल्ला अधिकारीबाट जारी भएको आदेश

विश्व महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ कोरोना भाइरसको संक्रमण हालका दिनहरुमा तीव्र रुपमा फैलिरहेको अवस्थालाई गम्भीरतापूर्वक लिँदै यस जिल्लामा हुन सक्ने संक्रमणलाई रोक्न (Chain Break गर्न) र कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन एवम् व्यवस्थापन गर्न मिति २०७८/०१/२७ गते बसेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको निर्णय समेतका आधारमा संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/०१/२८ गते राति १२:०० बजेदेखि मिति २०७८/०२/०६ गते राति १२:०० बजेसम्म लागू हुने गरी देहाय बमोजिमको आदेश जारी गरिएको छ। यो आदेशको पालना गर्नु/गराउनु सबैको कर्तव्य हुनेछ र आदेश विपरितका कार्यहरु प्रचलित कानून बमोजिम दण्डनीय हुनेछन्।

### निम्न

१. सार्वजनिक निर्माणको हकमा निर्माण सामग्री, उपकरण र कामदार निर्माणस्थलमा नै राखी निर्माण कार्य गर्ने। सम्बन्धित निर्माण कार्यको लागि भनी निर्माणस्थल बाहिर सवारी साधन चलाउने वा मानिसहरु आवागमन नगर्ने/नगराउने ।

२. अत्यावश्यक बाहेक अन्य सार्वजनिक सेवा हाललाई पूर्ण रुपमा स्थगन गरी अत्यावश्यक सेवा प्रवाह गर्ने सरकारी कार्यालय बाहेक अन्य कार्यालयले बढीमा २५ प्रतिशत संख्यामा कर्मचारी तथा सवारी साधन प्रयोग गरी कार्यालयको आन्तरिक व्यवस्थापन गर्ने व्यवस्था मिलाउने।

३. नेपाल सरकारका कर्मचारी, बैंक तथा वित्तीय संस्था र अन्य अत्यावश्यक सेवामा कार्यरत कर्मचारीहरुले कार्यालयले जारी गरेको परिचय-पत्रको आधारमा आवतजावत गर्न सक्ने। यस विपरित कर्मचारीको आवागमन एवं सवारी साधनको प्रयोग नगर्ने। कर्मचारीलाई कार्यालयसम्म आवतजावतमा सहजीकरण गर्न सम्बन्धित कार्यालयको कार्यालय प्रमुखबाट समय समेत यकिन गरी कार्यालयदेखि घर/डेरासम्मको रुट तय हुने गरी आवागवन मिलाउने र सोको जानकारी जिल्ला प्रशासन कार्यालय, कैलालीमा समेत गराउने।

खगेन्द्र प्रसाद रिजाल
प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनगढी, कैलाली

४. राजस्व दाखिला र सरकारी कारोबार बाहेक बैंक तथा वित्तीय संस्थाका सबै सेवा वन्द गरी बैंक तथा वित्तीय संस्थाहरुले अत्यावश्यक भुक्तानीको लागि ATM तथा विद्युतीय प्रणालीवाट सेवा प्रवाहको समुचित प्रबन्ध गर्ने। कर्मचारीको आवागवनको हकमा कार्यालय प्रमुखले बुँदा नं.२ मा उल्लेख भए अनुसारको व्यवस्था गर्ने।

५. औषधि उपचार लगायत अत्यावश्यक कामका लागि बाहेक घरवाट बाहिर निस्कन र हिँडडुल गर्न नदिन थप कडाई गर्ने।

६. अत्यावश्यक काम वाहेक अन्य सार्वजनिक एवं निजी सवारी साधन सञ्चालन गर्नमा पूर्णतया रोक लगाउने।

७. स्वास्थ्य सेवा, दूध डेरी तथा पेट्रोलियम पदार्थ सम्वन्धी पसल/व्यवसाय बाहेकका अन्य पसल/व्यवसाय सञ्चालन गर्न नपाइने। तरकारी, फलफूल तथा खाद्यवस्तुका पसल/व्यवसायहरु मिति २०७८/०१/२८ गते देखि लागू हुने गरी हरेक मंगलबार, विहीवार र शनिबार गरी हप्ताको ३ (तीन) दिन बिहान ६:०० बजे देखि ९:०० बजेसम्म जनस्वास्थ्य र सुरक्षाका मापदण्डको पूर्ण रुपमा पालना गर्ने गरी सञ्चालन गर्ने। यस अवधिमा समेत अत्यावश्यक मालसामान ढुवानीका साधन बाहेक अन्य सार्वजनिक एवम् निजी सवारी साधन सञ्चालन गर्न नपाइने ।

८. राष्ट्रिय गौरव र महत्वका आयोजना/परियोजना लागायतका सार्वजनिक निर्माण र विकास निर्माणका कार्य तथा उद्योग, कलकारखानालाई तपसिलका सुरक्षा तथा स्वास्थ्य मापदण्ड सहित सञ्चालन गर्ने। अन्य निर्माण कार्य हाललाई वन्द गर्ने ।

(क) श्रमिक र अन्य जनशक्ति अनिवार्य रुपमा कार्यस्थलमै रहनु पर्ने। निजहरुलाई खाना र बस्नको व्यवस्था कार्यस्थलमै गरी बाहिर जान र बाहिर रहेको परिवार, साथीभाइ, इस्टमित्रसँग सम्पर्क गर्न नदिने।

(ख) सबै श्रमिकको दैनिक ज्वरो नाप्ने, सबैले मास्क र सेनिटाईजर प्रयोग तथा साबुनपानीको प्रयोग गर्ने।

(ग) उद्योग तथा निर्माण कार्यमा संलग्न मजदूर कर्मचारीलाई एक ठाउँबाट अर्को ठाउँमा समूहगत रुपमा ओसारपसार नगर्ने।

(घ) संक्रमणको लक्षण देखा परेमा व्यवसायीले आईसोलेशनमा राख्ने।

(ङ) निर्माण सामग्रीका लागि प्रयोग हुने सवारी साधनहरु राति ०८:०० बजेदेखि बिहान ०५:०० वजेसम्म मात्र प्रयोग गर्न पाइनेछ।

कोभिड-१९ को बढ्दो संक्रमणका कारण समग्र क्षेत्रमा उत्पन्न असहज परिस्थितका बावजुद यस आदेशको पूर्ण पालना गरी/गराई कोभिड - १९ को संक्रमणको जोखिम नियन्त्रण गर्ने यस अभियानमा सदाझैं सम्बन्धित सबै पक्ष, वर्ग र आमजनसमुदायको निरन्त सहयोग, साथ र सहभागिताको लागि जिल्ला प्रशासन कार्यालय कैलाली पुन: हार्दिक अपील गर्दछ।

मिति २०७८/०१/२८

२०७८/०१/२८
खगेन्द्र प्रसाद रिजाल
प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner